# उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम संचालन कार्यविधि- २०७६

स्वीकृत मिति : २०७६।०३।११

. **प्रस्तावनाः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम संचालन कार्यविधि २०७६ स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भि

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम शे-फोक्सुण्डो गाउँपालिकाको उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम संचालन कार्यविधि २०७६ रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाष : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) “ गाउँपालिका ” शे-फोक्सुण्डो गाउँपालिका सम्झनु पर्दछ।

(ग) “अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ।

(ज) “योजना” भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ।

(झ) “वडा” भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ।

(ञ) “वडा अध्यक्ष” भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ।

(ट) “सदस्य” भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ।

(ठ) “वडा समिति” भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ।



शे-फोक्सुण्डो गाउँपालिका डोल्पा

(ड) “सरकारी संस्था” भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ ।

(ढ)“गै.स.स” भन्नाले समाज कल्याण ऐन अर्न्तगत दर्ता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ ।

**३. उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम भन्नाले :** गाउँपालिका र वडा स्तरमा संचालन हुने सवै महिला र वालवालिका संग सम्वन्धीत कार्यक्रमलाई जनाउछ , जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

३.१ शैक्षिक कार्यक्रम : शिशुस्यार केन्द्र, स्वास्थ्य केन्द्र, शैक्षिक गुणस्तर वृद्धि र अनिवार्य शिक्षा,

३.२ क्षमता विकास कार्यक्रम : तालिम, अवलोकन भ्रमण, शिप विकास,

३.३ रोजगार मुलक कार्यक्रम : रोजगार मुलक तालिम, शिप, लगानी तथा साझेदारी सहयोग,

३.४. शान्ती र हिंसा विरुद्ध कार्यक्रम : मेलमिलाप, मध्येस्थता र अन्य शान्ती सद्भाव कार्य, घरेलु हिंसा र यौन जन्य हिंसा

३.५. राहत पुर्नस्थापन कार्यक्रम : अभिभावक विहिन महिला वालवालिका तथा हिंसा पिडीत दुवैलाई राहत पुर्नस्थापन र सिफारिसलाई जनाइन्छ ।

३.६. चेतनामुलक कार्यक्रम : मनोविमर्श, कानुनि, नितिगत, स्पष्टता, चेतना, जनाकारी सुचना ।

३.७. अभियान मुलक कार्यक्रम : महिला दिवस, वाल दिवस, महिला र वाल हिंसा विरुद्धका दिवसहरु,

३.८. किसोर किशोरी कार्यक्रम : व्यक्तिगत स्वास्थ्य मुलक कार्यक्रम जस्तै किशोरी स्यानेटरी प्याड लगाएत अन्य

३.९. गै.स.स. साझेदारी कार्यक्रम : गै.स.स. संग सम्झौता भई महिला वालवालिका लक्षित कार्यक्रम

**४. उपाध्यक्ष संग महिला वालवालिका कार्यक्रम भित्र दफा ३ अर्न्तगत संचालन हुने उप कार्यक्रम भन्नले तपशिलका कार्यक्रमलाई जनाउदछ :**

- तालिम, चेतनामुलक कार्यक्रम एकल र संयुक्त महिला पुरुष
- पुँजिगत निर्माण कार्य तोकिएका पुँजिगत तर्फका
- चालु कार्यक्रम तोकिएका चालु कार्यक्रम
- वृद्ध महिला हितका छुट्टै कार्यक्रम
- वच्चा महिला तथा पुरुषका छुट्टै कार्यक्रम, वाल कार्यक्रम
- गरिव, असाहाय, दलित, अपाङ्ग महिलाका छुटै कार्यक्रम

- शशक्तिकरण कार्यक्रम
- सहयोग सम्मान पुरस्कार सवैतहमा
- विभिन्न महिला, वालमञ्च लगाएतका समुह गठन परिचालन, व्यवस्थापन
- आयआर्जन कार्यक्रम कृषि, पशु, होमस्टे
- विद्यालय, कलेज स्तरीय युवा, महिला तथा वालवालिका लक्षित कार्यक्रम
- अभिभावकलाई महिला, हिंसा, छोरी सुरक्षा चेतना तथा छोरा वाल संरक्षण कार्यक्रम तथा सो महिला तथा वालवालिका प्रतिकार क्षमता शिप तालिम (सेल्फ डिफेन्स कार्यक्रम ) असक्ष/गरिव असाहय
- महिला वालवालिका न्यायिक सहयोग कार्यक्रम
- वाल महिला पुरुष शैक्षिक सामाग्री कार्यक्रम
- गै.स.स. संग गर्ने गरी तोकिएका सम्झौता अनुसारका कार्यक्रम
- अन्य कार्यपालिका तथा कार्यलय निर्णय अनुसार कार्यक्रम

**५. विशेष व्यवस्था :** यस कार्य विधिले व्यवस्था गरेको विषय कार्यन्वयन गर्नु वडा र गाउँपालिका सवैको कर्तव्य हुनेछ। यो व्यवस्था प्रतिकुल हुने गरी कार्यक्रम सञ्चालन गर्न पाईने छैन।

**६. कार्यविधि लागु :** १) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ ।

**७. कार्यविधिमा परिर्माजन तथा शंशोधन :** यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ।

**८. खारेजी :** यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुन संग वाझियमा वा वाझियको हद सम्म अमान्य हुनेछ।

शे-फोक्सुण्डो गाउँपालिका डोल्पा